बेनी नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को कार्यपालिकाको बैठक नं. ५

बेनी नगरपालिका

नगर कार्यपालिकाको बैठक

२०८०।०८।२६

निर्णयहरु

१) नगर कार्यपालिकाको गत कार्तिक महिनामा बसेको बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था समीक्षा गरियो । गत कार्तिक महिनामा बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट सम्पादन भएका कामकार्यवाही तथा भए गरेका खर्चको अनुमोदन तथा स्वीकृति गर्ने ।

२) मिति २०८०/०८/२२ गते सम्पन्न नगर कार्यपालिकाको कार्यालयले आयोजना गरेको सार्वजनिक सुनुवाई र सो सुनुवाईमा उठेका सवालहरुको विषयमा समिक्षा गरियो ।

३) बेनी नगरपालिकाको नगर विपद् व्यवस्थापन समितिको मिति २०८०/०८/१४ गते बसेको बैठकमा गरेका सबै निर्णयहरुको अनुमोदन स्वीकृति गरी ग्रहण गर्ने ।

४) मिति २०८०/०६/२९ गतेको सार्वजनिक जग्गाको सम्झौता, भाडादर निर्धारण तथा वक्यौता असुल उपसमितिबट निर्णय भई आएबमोजिम बेनी नगरपालिका वडा नं. ८ (कालिपुल)मा रहेको कालिगण्डकी पेट्रोल पम्पका सञ्चालन सुमन श्रेष्ठलाई लगाईएको जग्गा भाडाको म्याद २०८०/०९/३० गतेसम्म थप गर्ने ।

५) मिति २०८०/०८/२६ गतेको सार्वजनिक जग्गाको सम्झौता, भाडादर निर्धारण तथा वक्यौता समितिवाट गरेका सबै निर्णयहरुको अनुमोदन तथा स्वीकृति गर्ने ।

६) साविकमा एकीकृत सम्पत्ति कर लागु भएकोमा आर्थिक बर्ष ०८०/०८१ बाट सम्पत्ति तथा भूमी व्यवस्था लागू गरिएको हुँदा साविकमा सम्पति करमा प्रविष्टि भएका करदाताहरुको विवरणमा भूमि तथा सम्पति करको विवरण थप गर्न अभिलेखिकरण संसोधन गरी रुजू गर्ने कार्यमा खटिने कर्मचारीहरुको लागि प्रति करदाता रुपैया१० (दश) का दरले प्रोत्साहनको व्यवस्था गर्ने र उक्त कार्यका लागि अधिकतम रुपैया एकलाख बजेटको प्रवन्ध मिलाउने ।

७) नगर कार्यपालिकाको कार्यालयमा कार्यरत अधिकृत स्तर छैटौं तहका पशुसेवा तर्फका प्राविधिक कर्मचारी श्री प्रदिप गौतम (संकेत नं. २०७४९४) ले निजको व्यक्तिगत लगानीमा कार्यालयको काममा हानी नहुने गरी कार्यालय समयवाहेकको समयमा निज कार्यरत पदसँग सम्बन्धित थप उच्च अध्ययनका लागि अनुमति मागेकोमा निजलाई २०८० सालको शैक्षिक सत्र देखिनै अध्ययन गर्न अनुमति दिने ।

८) यस नगरपालिका ६ नं. वडा कार्यालय निर्माण तथा मर्मत कार्यका लागि जिल्ला समन्वय समिति रहेको जगेडा कोषबाट रकम विनियोजन गरिदिनका लागि सो समितिलाई लेखि पठाउने र जिल्ला समन्वय समितिबाट वजेट विनियोजन पश्चात उक्त निर्माण कार्य सञ्चालनका लागि सम्बन्धित वडा कार्यालय र यस कार्यालयबाट पचास प्रतिशतको लागत साझेदारी गर्ने रकमको सुनिश्चितता गर्ने ।

९) यस नगरपालिका वडा नं ४ सिंगामा रहेको कोल्ड स्टोर व्यवस्थापनका लागि आवश्यक पर्ने क्यारेट तथा क्यारेट व्यवस्थापनको लागि आवश्यक भौतिक निर्माणमा आवश्यक पर्ने बजेट व्यवस्था कृषिर्फको संघीय सशर्त कार्यक्रमबाट गरी सो कार्य सम्पादन गर्ने र यो सिजनको सुन्तलाहरु सो कोल्ड स्टोर भण्डारण गरी परीक्षणको लागि राखे ।

सुरत के.सी.
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल